नेपालगंज उप-महानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

नेपालगञ्ज, बाँके

लुम्बिनी प्रदेश, नेपाल

लिलाम विक्रीको सिलबन्दी बोलपत्र आव्हान सम्बन्धि २१ (एक्काईस) दिने सूचना ।

( प्रथम पटक प्रकाशित मितिः २०७८/०५/२५ गते )

लिलाम सूचना नं. ०१/२०७८/०७९

यस नेपालगंज उप-महानगरपालिका वडा नं.०८ स्थित पुरानो नगर भवन जे जस्तो अवस्थामा छ सोहि अवस्थामा भत्काई लैजानका लागि बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट रितपुर्वक तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही "आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको नियम १०८" बमोजिम सिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गर्न यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र फारम यस कार्यालयको खरिद इकाईबाट खरिद गर्न सकिनेछ । साथै आफुले कबोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुन आउने धरौटी रकम यस उप-महानगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक, धम्बोजी शाखामा रहेको धरौटी खाता नं. (४१३०१००३०३००००२) मा जम्मा गरी सोको सक्कल भौचर सिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ । थप जानकारीको लागि यस कार्यालयको खरिद ईकाईमा सम्पर्क गरी बुझ्न सकिनेछ ।

| सि.नं. | सामानको विवरण | न्युनतम कबोल मूल्य (भ्याट सहित) |
|---|---|---|
| १. | पुरानो नगर भवन | रु. ११,३१,२२४.९९/- (अक्षरेपी रु. एघार लाख एकतिस हजार दुई सय चौविस रुपैयाँ उनान्सय पैसा मात्र) |

**शर्तहरु :**

१. बोलपत्र सम्बन्धि कागजातहरु खरिद गर्न निवेदन साथ व्यक्तिको हकमा नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अन्यको हकमा नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको छायाँप्रति सहित रु. २,०००.०० (दुई हजार) फिर्ता नहुनेगरी बुझाएको आम्दानी रसिद संग्लन गरी यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र खरिद गर्न सकिने छ ।

२. आफुले खरिद गर्ने बोलपत्र सम्बन्धि कागजातहरु व्यक्ति भए स्वयं र अन्य भए आधिकारिक प्रतिनिधिले सहिछाप गरी सिलबन्दी खाम बाहिर "श्री प्रमुख प्रशासकीय अधिकृत, नेपालगंज उप-महानगरपालिका, लिलाम सूचना नं. र बोलपत्रदाताको नाम" उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समय भित्र खरिद गरी २२ औं दिन मध्यान्न १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । यसरी दर्ता हुन आएको बोलपत्र सोहि दिन अपराह्न २:०० बजे देखि कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका बोलपत्रदाता आफै वा आधिकारिक प्रतिनिधिको रोहवरमा यस नेपालगंज-उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा खोलिनेछ । बोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. आफुले कबोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुन आउने धरौटी वापतको रकम यस उप-महानगरपालिकाको रा.बा. बैंक धम्बोजी शाखामा रहेको धरौटी खाता नं. (४१३०१००३०३००००२) मा सम्बन्धित व्यक्ति वा फर्मको नामबाट रकम जम्मा गरको सक्कल भौचर संलग्न गरी पेश गर्नुपर्ने छ ।

४. आफुले कबोल गरेको मुल्य (मु.अ. कर वाहेकको रकम) अंक र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ (सात) दिन भित्र पुरै रकम दाखिला गरी १५ दिन भित्र भवन भत्काई लैजानु पर्नेछ । धरौटी रकम पछि आर्थिक प्रशासन शाखाबाट फिर्ता गरिनेछ ।

६. बोलपत्र खरिदकर्ताले मालसामानको भौतिक अवस्था हेर्न चाहेमा कार्यालय समय भित्र जिन्सी शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।

७. बोलपत्र सम्बन्धि कागजातहरु खरिद/दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु क्रमशः सो को भोलिपल्ट कार्यालय खुल्ने दिन सोहि समयमा हुनेछ ।

८. बोलपत्र भर्दा न्युनतम मूल्य भन्दा कम रकम कबोल गर्न पाइने छैन र आफुले कबोल गरेको मुल्यमा नियमानुसार मु.अ. कर लाग्नेछ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. यस सम्बन्धि अन्य कुरा प्रचलित कानुन अनुसार हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत